# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

## २०७९ साल श्रवण देखि असोजसम्म (प्रथम त्रैमासिक) भएका/गरिएका सम्पादित प्रमुख कार्यहरू

(स्वतः प्रकाशन)

प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

प्रदेश नं. १, विराटनगर

२०७९

## १. मन्त्रालयको स्वरुप र प्रकृति

नेपालको संविधान, २०७२ बमोजिम देशलाई सङ्घीय ढाँचामा पुनर्संरचना गर्ने उद्देश्यका साथ वर्तमान संविधानको भाग १३ मा प्रदेश कार्यपालिका सम्बन्धी व्यवस्था भए अनुरूप प्रदेश नं.१ मन्त्रिपरिषदको गठन संविधानको धारा १६८ अनुसार मिति २०७४/११/३ गते भएको हो । प्रदेश संरचनाको स्थापना कालमा गठन भएको ७ वटा मन्त्रालय मध्ये सामाजिक विकास मन्त्रालय विभाजन भई मिति २०७८/१०/२३ गतेका दिन **स्वास्थ्य मन्त्रालयको** गठन भएको हो । स्वास्थ्य सम्बन्धी प्रादेशिक नीति निर्माण गर्ने, योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्ने, कार्यक्रमहरूको नियमन र व्यवस्थापन गरी प्रदेशलाई समृद्ध बनाउने उद्देश्यले यस मन्त्रालय स्थापना भएको हो।

## २. मन्त्रालयको काम कर्तव्य तथा अधिकार

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७८ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः

१. स्वास्थ्य सेवा तथा पोषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
२. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, प्रसामक तथा पुनर्स्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन,
३. स्वास्थ्य सेवा सम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेशागत संघ संस्थाको अभिलेख व्यवस्थापन र नियमन,
४. प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन,
५. राष्ट्रिय मापदण्ड बमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधि सम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र नियमन,
६. राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमती र नियमन,
७. राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन,
८. प्रदेशस्तरमा स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन,
९. औषधी निगरानी (फर्मा कोभिजिलेन्स), औषधीको उचित प्रयोग र सुक्ष्म जीवननिरोधक प्रतिरोध (एन्टि माइक्रोवायल रेसिस्टेन्स) न्यूनीकरण,
१०. खोप व्यवस्थापन,
११. संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरिद तथा आपूर्ति व्यवस्थापन,
१२. प्रदेशस्तरमा स्वास्थ्य सेवा सम्बन्धी अध्ययन तथा अनुसन्धान, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह प्रणालीको व्यवस्थापन,

१३. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन,

१४. सूर्तिजन्य वस्तुको नियन्त्रणका लागि समन्वय तथा नियमन,

१५. स्वास्थ्य सम्बन्धी आपतकालीन अवस्था, महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,

१६. सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम,

१७. राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,

१८. स्वास्थ्यजन्य फोहर व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,

१९. प्रदेशस्तरको सरसफाई तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,

२०. स्वास्थ्य, सरसफाई तथा स्वच्छता अभियानमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,

२१. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवा सम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन,

२२. जनसंख्या, बसाईसराई र परिवार नियोजन सम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सुचना प्रणालीको स्थापना र सञ्चालन एवम् सो सम्बन्धमा संघ तथा स्थानीय तहसँग समन्वय ।

## ३. मन्त्रालयको संगठन संरचना तथा दरबन्दी पदपूर्तिको अवस्था

### संगठन संरचना

सामाजिक विकास मन्त्रालयको संगठनात्मक संरचना अनुसार ३ वटा महाशाखा र ८ वटा शाखा रहेको छ। मन्त्रालयको स्वीकृत दरबन्दी अनुसार २४ जनाको दरबन्दी रहेको छ।



मन्त्रालयको दरबन्दी र पदपूर्ति

| क्र.सं. | पद | सेवा | समुह | दरवन्दी | पदपुर्ति | रिक्त | करारबाट पदपूर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रदेश सचिब | नेपाल स्वास्थ्य | | १ | १ | ० | | |
| २ | उपसचिव | नेपाल प्रशासन | सा.प्र. | १ | ० | १ | | |
| ५ | वरिष्ठ/जनस्वास्थ्य प्रशासक (९/१०) | नेपाल स्वास्थ्य | हे.इ. | १ | ० | १ | | २ जना काजमा |
| ६ | ब.उप स्वास्थ्य प्रशासक (९/१०) | नेपाल स्वास्थ्य | प.हे.ए./ए.चि. | १ | ० | १ | | |
| ७ | आयुर्वेद चिकित्सक | नेपाल स्वास्थ्य | आयुर्वेद | १ | १ | ० | | |
| ८ | कम्युनिटी नर्सिङ्ग अधिकृत (७/८) | नेपाल स्वास्थ्य | क. न./प.हे. न. | १ | ० | १ | | |
| १० | ब/फार्मेसी अधिकृत (७/८) | नेपाल स्वास्थ्य | फार्मेसी | १ | १ | ० | | |
| ११ | ब/स्वास्थ्य शिक्षा अधिकृत/प्रशिक्षक(७/८) | नेपाल स्वास्थ्य | हे.ए. | १ | ० | १ | | |
| १४ | वरिष्ठ/जनस्वास्थ्य अधिकृत (७/८) | नेपाल स्वास्थ्य | हेल्थ ईन्स्पेक्सन | १ | ० | १ | | |
| १५ | डेमोग्राफर/तथ्याङ्क अधिकृत (७/८) | नेपाल विविध | | १ | ० | १ | | |
| | कानून अधिकृत | न्याय | कानून | १ | ० | १ | | काजमा |
| | लेखा अधिकृत (७/८) | नेपाल प्रशासन | लेखा | १ | १ | ० | | |
| १६ | शाखा अधिकृत (७/८) | नेपाल प्रशासन | सा.प्र. | २ | २ | ० | | |
| २० | सहायक/अधिकृत (५/ ६) | नेपाल प्रशासन | सा.प्र. | २ | १ | १ | | |
| | कम्प्युटर अपरेटर / अधिकृत (५/६) | विविध | | १ | १ | ० | | |
| २३ | सह-लेखापाल ( ४/५) | नेपाल प्रशासन | लेखा | १ | १ | ० | | |
| २४ | हलुका सवारी चालक | इन्जिनियरिङ | | २ | ० | २ | २ | |
| २५ | कार्यालय सहयोगी | नेपाल प्रशासन | सा.प्र. | ४ | २ | २ | २ | |
| | जम्मा | | | २४ | ११ | १३ | ४ | |
| **२ जना नर्सिङ अधिकृत ( ७/८) र २ जना हे.अ.( ५/६/७) काजमा रहेको** | | | | | | | | |

## ४.मन्त्रालयको महाशाखा/शाखागत जिम्मेवार अधिकारी

| क्र.सं. | महाशाखा/शाखा | जिम्मेवार अधिकारीको पद | जिम्मेवार अधिकारीको नाम |
|---|---|---|---|
| **१** | **प्रशासन, योजना तथा जनस्वास्थ्य महाशाखा** | उपसचिव | अम्बिका प्रसाद चौलागाईं |
| १.१ | प्रशासन शाखा | शाखा अधिकृत/सातौं | श्री रामप्रसाद तिमल्सेना |
| १.२ | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत/सातौं | श्री भोलानाथ नेपाल |
| १.३ | कानून तथा फैसला कार्यान्वयन शाखा | कानून अधिकृत | श्री प्रमोद विक |
| १.४ | जनसंख्या शाखा | डेमोग्राफर/तथ्याङ्क अधिकृत | - |
| **२** | **अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा** | ब.जनस्वास्थ्य प्रशासक/दशौं | श्री सागर प्रसाई |
| २.१ | नियमन, रोग नियन्त्रण तथा नर्सिङ शाखा | | |
| २.२ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा | | |
| **३** | **नीति, कानून, मापदण्ड, योजना तथा जनस्वास्थ्य महाशाखा** | ब.जनस्वास्थ्य प्रशासक/दशौं | डा. सुरेश मेहता |
| ३.१ | जनस्वास्थ्य शाखा | | |
| ३.२ | परिवार कल्याण तथा स्वास्थ्य निगरानी शाखा | | |

## ५. मन्त्रालयबाट सम्पादित कामहरूको विवरण

### अस्पताल विकास तथा चिकित्सा सेवा महाशाखा

- जिल्ला अस्पताल पाँचथर, तेह्रथुम र भोजपुरलाई ५० शैयामा स्तरोन्नति गरिएको।
- प्रादेशिक अस्पताल, भद्रपुरलाई २०० शैया स्तरोन्नति गरिएको ।
- सुनसरी सामुदायिक हस्पिटल प्रा.लि. दुहवी न.पा. ३, सुनसरीको २५ शैयामा स्तरोन्नति गरिएको।
- नेपाल रेडक्रस सोसाइटी उदयपुर, तेह्रथुम, झापा, इलाम र संखुवासभा जिल्ला शाखा र अन्नपूर्ण उपशाखा टेम्केमैयुम भोजपुरलाई "ख" वर्गको एम्बुलेन्स खरिद तथा सेवा सञ्चालन गर्ने प्रयोजनका लागि सिफारिस पत्र दिइएको।
- मोरङ हस्पिटल प्रा.लि. पथरी शनिश्चरे मोरङ, खराङ स्वास्थ्य चौकी, चैनपुर न.पा. संखुवासभा र महादेवस्थान स्वास्थ्य चौकी, हलेसी तुवाचुङ न.पा., खोटाङलाई "ख" वर्गको एम्बुलेन्स खरिद तथा सेवा सञ्चालन गर्ने प्रयोजनका लागि सिफारिस पत्र दिइएको।
- विशेषज्ञ चिकित्सक प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७९ स्वीकृत भई लागू भएको।
- सुरक्षित गर्भपतन सेवा अनुगमन तथा सुपरिवेक्षण समिति गठन गरिएको।
- स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड अनुसार अस्पतालहरूको स्व-मूल्याङकन चेकलिष्ट तयार गरिएको।
- निजी तथा सामुदायिक अस्पतालहरूको अनुनगमन तथा सुपरिवेक्षण गरिएको।
- प्रादेशिक अस्पताल भद्रपुरमा **Instrument Audit** सम्पन्न।
- मिति २०७९/०५/१५ गतेका दिन माननीय मन्त्री जयराम यादवज्यूबाट समुद्घाटन गरी प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर झापामा सेवा शुरू गरिएको।
- प्रादेशिक आयुर्वेद अस्पताल लखनपुर झापाको अस्थायी दरवन्दी स्वीकृतिका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा प्रस्ताव पेश गरिएको।
- कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्रको नाम परिवर्तन गरी संक्रामक रोग तथा सघन उपचार केन्द्र राखिएको।
- गत आ.व.मा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, विराटनगरबाट खरिद गरिएका ९ वटा एम्बुलेन्स तथा २ वटा शव वहान माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा मातहतका अस्पतालहरू ( **एम्बुलेन्स-** प्रादेशिक अस्पताल भद्रपुर, मदनभण्डारी अस्पताल तथा ट्रमा सेन्टर, जिल्ला अस्पताल उदयपुर, सुनसरी,

पाँचथर, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, संक्रामक रोग तथा सघन उपचार केन्द्र र **शव बाहन**- प्रादेशिक अस्पताल भद्रपुर र जिल्ला अस्पताल उदयपुर) लाई हस्तान्तरण गरिएको।

## नीति, योजना तथा जनस्वास्थ्य महाशाखा

- आ.व. २०७९/८० को नीति तथा कार्यक्रममा समावेश भएका स्वास्थ्य क्षेत्रसँग सम्बन्धित नीति तथा कार्यक्रम प्रभावकारी कार्यान्वयन लागि कार्ययोजना तयार गरी स्वीकृत गरिएको।
- आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना तयार गरी स्वीकृत गरिएको।
- आ.व.२०७९/८० मा यस मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालन हुन गरी स्वीकृत भएका कार्यक्रम कार्यान्वयनमा सहजीकरणका लागि तयार गरिएको बार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका मिति २०७९/०४/२६ गते माननीय मन्त्रीस्तरीय निणर्यबाट स्वीकृत भएको।
- आ.व. २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना अनुसार भए नभएको सम्बन्धमा सचिवज्यूको अध्यक्षतामा बैठक बसी छलफल गरिएको।
- गत आ.व.को बार्षिक कार्यक्रमको समीक्षा सम्पन्न गरिएको।
- आ.व. २०७८/७९ को बार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको।
- स्वास्थ्य संस्था सबलीकरण कार्यक्रम लागि मिति २०७९/०५/३१ गते मा. मन्त्रीस्तरीय निर्णय अनुसार स्थानीय तहका स्वास्थ्य संस्था छनोट गरी सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालयमा बजेट रकमान्तर गरी निकासा गरिएको।
- स्वास्थ्यकर्मी करार सेवा सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत भएको।
- स्वास्थ्य नीति तर्जुमाका लागि अवधारणा पत्र स्वीकृत भई प्रक्रिया अगाडि बढेको।

## प्रशासन, योजना तथा जनसंख्या महाशाखा

- कोशी अस्पताल, कोभिड-१९ उपचार केन्द्र विराटनगरको अस्थायी दरबन्दी स्वीकृति गरिएको।
- मन्त्रालय मातहतका कर्मचारीहरूको कामकाज/काज स्वीकृति सम्बन्धी कार्य गरिएको।
- मन्त्रालय मातहतका कर्मचारीहरूको अध्ययन बिदा/अन्य बिदा तथा अध्ययन पूर्व स्वीकृति सम्बन्धी कार्य गरिएको।
- कार्यालय प्रमुख रिक्त रहेका कार्यालयहरूमा निमित्त कार्यालय प्रमुख तोकी प्रशासनिक तथा आर्थिक अधिकार दिने सम्बन्धी कार्यहरू।
- आर्थिक विवरण तयार गरिएको।

## ६. मन्त्रालयको प्रमुख, प्रवक्ता, सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको नाम पद

**मन्त्रालयको प्रमुखः** डा. अनुज भट्टचन
पदः प्रदेश सचिव
मोवाइल नं. ९८५२०२१०९५

**प्रवक्ताः** डा. सुरेश मेहता
पदः ब. जनस्वास्थ्य प्रशासक/दशौं
मोबाइल नं.- ९८५२०२९१८०

**सुचना अधिकारीः** श्री सदानन्द भट्टराई
पदः शाखा अधिकृत/सातौं
मोवाइल नं.-९८५२०२१०९६
इमेलः suchanaadhikari.moh@p1.gov.com

**गुनासो सुन्ने अधिकारीः** डा. रविन्द्र निरौला
पदः आयुर्वेद चिकित्सक
मोवाइल नं.-९८५२०२१०९७

## ७. मन्त्रालयको वेभसाइड तथा इमेल

**Website: moh.p1.gov.np**
**Email: info.moh@p1.gov.np**

## ८. मन्त्रालयमा परेका सूचना माग सम्बन्धी निवेदन

चालु आ.व. को श्रावण महिना देखि असोज मसान्त सम्ममा यस मन्त्रालयमा लिखिम रूपमा सूचना मागका लागि ३ वटा निवेदन परेकोमा ३ वटालाई नै सूचना उपलब्ध गराइएको। साथै कतिपय सूचना मौखिक रूपमा माग गरिएकोमा सोही बमोजिम उपलब्ध गराइएको।